जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २६८ पृष्ठः ४ | २०८२ फाल्गुन ०५ मंगलबार (Tuesday 17 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सीमाका सुरक्षाकर्मीकै सुरक्षा चिन्ता

**मिथिलेश यादव**

सिरहा, ४ फाल्गुन। गत वर्ष मंसिर १६ गते बिहान सिरहाको बरियारपट्टी गाउँपालिका-१ छोटकी टोली कचनारीमा सीमा पार गरिरहेको मदिराले भरिएको गाडी रोक्न खोज्दा सशस्त्र प्रहरीका नायव निरीक्षक ४६ वर्षीय लक्ष्मण यादवको तस्करहरूले हत्या भयो। मदिरा तस्करीमा संलग्न गिरोहलाई रोक्ने कोसिस गर्दा तस्करहरू सवार गाडीले सशस्त्रका सई यादवलाई किचेर हत्या गरी फरार भएको थियो। सो घटनामा भारतीय र नेपाली गरी पाँच जना संलग्न रहेको प्रहरीको अनुसन्धानबाट खुलेको छ।

सशस्त्र प्रहरी बेस क्याम्प बडहरीमा कार्यरत सई यादवले मदिरा लिएर नेपालबाट एउटा जीप भारत जाँदैछ भन्ने सूचनाका आधारमा गस्तीमा खटिएका थिए। प्रहरीका अनुसार उनीसहित केही दूरीमा फरकफरक स्थानमा सशस्त्र प्रहरी र नेपाल प्रहरीका ८ जना प्रहरी त्यसबेला ड्युटीमा थिए। बिहानको ३ बजेको समयमा सई यादव गस्ती गर्दै हिँडिरहेकै स्थानमा आइपुगेको जीपलाई उनले रोक्न खोज्दा ठक्कर दिएर भारततर्फ भागेको थियो। अन्य प्रहरीहरू घटनास्थलदेखि करिब सय मिटरको दूरीमा मात्रै भए पनि गाडी तीव्र गतिमा भागेकाले प्रतिकार गर्न नसकिएको प्रहरीको भनाइ छ।

घटनालगत्तै उनलाई उपचारका लागि लहानस्थित प्रादेशिक अस्पताल लगिए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए। यस घटनामा सिरहाको नवराजपुर गाउँपालिका-५ का पूर्ववडाध्यक्ष मनोज यादवलाई प्रहरीले पक्राउ गर्यो। उनीसहित संलग्न पाँच जना विरुद्ध ज्यान सम्बन्धी कसुर (ज्यान मार्ने उद्योग र सवारी ज्यान) तथा संगठित अपराध सम्बन्धी मुद्दामा कारवाही अघि बढ्यो। मुद्दा जिल्ला अदालत सिरहामा अभियोजन भयो। यादव एक लाख २० हजार धरौटी बुझाएर तारेखमा छुटेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। उक्त घटनामा संलग्न थप तीन जना नेपाली र एक भारतीय अभियुक्त अझै फरार रहेको सिरहा प्रहरीले जनाएको छ।

गत सोमबार सशस्त्र प्रहरी बलले वीरगन्जस्थित एउटा गोदाममा छापा मार्ने क्रममा झडप भयो। सशस्त्र प्रहरीको टोलीले वीरगन्ज महानगरपालिका- १० आदर्शनगरस्थित एक गोदाममा छापा मार्ने क्रममा व्यापारी र सुरक्षाकर्मीबिच झडप भएको थियो तर सशस्त्रसँग झडप हुँदा व्यापारीहरू थिएनन्, तस्करहरू मात्र थिए। आर्थिक नगर मानिने वीरगन्जमा भन्सार छलेर भित्र्याइएका सामान भण्डारण गरिएको आशंकामा मदनप्रसाद गुप्ताको गोदाममा सशस्त्र प्रहरी बल १३ नं गण र भन्सार कार्यालयको संयुक्त सुरक्षा टोलीले दिउँसो छापा मारेको थियो। छापा मार्ने क्रममा टोलीले पाँच लाख रुपैयाँभन्दा बढी मूल्य बराबरका

**-बाँकी तीन पेजमा**

## कांग्रेसको चुनावी कार्यालय उद्घाटन, समर्थकको उल्लेखनीय भीड



सिरहा, ४ फाल्गुन। नेपाली कांग्रेस ले लक्ष्मीपुर पतारी गाउँपालिका-१ मा आफ्नो चुनावी सम्पर्क कार्यालय उद्घाटन गर्दै वृहत् चुनावी सभा सम्पन्न गरेको छ। कार्यक्रम उत्साहजनक सहभागितासहित सम्पन्न भएको हो। नेता-कार्यकर्ता, शुभेच्छुक तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थितिले कार्यक्रम स्थल निकै उत्साहित बनेको थियो। आगामी प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै आयोजना गरिएको उक्त कार्यक्रममा वक्ताहरूले पार्टीको संगठनलाई तल्लो तहसम्म सुदृढ बनाउँदै लोकतान्त्रिक मूल्य-मान्यतालाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरे। उनीहरूले जनताको विश्वास नै पार्टीको सबैभन्दा ठूलो शक्ति भएको उल्लेख गर्दै घरदैलो, टोलभेला र जनसम्पर्क अभियानलाई तीव्र रूपमा अघि बढाइने जानकारी दिए।

सिरहा जिल्ला निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा

**-बाँकी तीन पेजमा**

## मुसहर समुदायको माग : शौचालयसहित सुरक्षित आवास

**जीवछ यादव**

लहान, ४ फाल्गुन। लगभग सतप्रतिशत सुकुम्वासी रहेका लहानका मुसहर समुदायले आसन्न प्रतिनिधिसभा निर्वाचनमा शौचालयसहितको सुरक्षित आवासको माग अघि सारेका छन्। नहरको किनारमा बसोवास गर्दै आएका लहान-२ का गणपतिया सदायले वर्षायाममा बाढीले बगाउने डर र गर्मीयाममा नहरको फोहोरका कारण बस्नै कठिन हुने



अवस्था रहेको बताउनुभयो। "घर बनाउन घडेरी छैन। यस संकटपूर्ण जीवनबाट आउने पुस्ता कसरी मुक्त हुन्छ भन्ने चिन्ता सधैं मनमा खेलिरहन्छ," उहाँले पीडा व्यक्त गर्नुभयो।

यो समस्या गणपतिया सदायको मात्र नभई लहान वडा नम्बर १ र २ मा बसोवास गर्ने करिब तीन सय परिवारको साझा पीडा हो।

मुसहर समुदायका अगुवा सोनिया सदायले भन्नुभयो, "यो आठौं प्रतिनिधिसभा निर्वाचन हो। शौचालयसहित सुरक्षित आवासको ग्यारेन्टी गर्ने दललाई नै मत दिने निर्णयमा हामी पुगेका छौँ।" अर्का स्थानीय गेना सदायले भन्नुभयो, "यसपटक दारु-भोज चाहिँदैन, सुरक्षित आवास चाहियो। एउटै सानो घरमा आमा-छोरा, सासू-ससुरा उकुसमुकुस भएर बस्नुपरेको छ। आश्वासन होइन, आवासको ग्यारेन्टी चाहिन्छ। हामी यही मागमा अडिग छौँ।"

भूमिहीन समस्या समाधान आयोग, सिराहाका सदस्य राजेन्द्र

**-बाँकी दुई पेजमा**




## मतदान किन गर्ने?

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन।
- योग्य जनप्रतिनिधिको छनौट गर्न।
- नागरिक कर्तव्य निर्वाह गर्न।
- जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## शक्ति र वैभव प्रदर्शनको होडबाजी नबनोस् !

हुन त निर्वाचन प्रचार घोषणा भएकै दिनदेखि थालिएको थियो भने पनि हुन्छ। तर, औपचारिकरूपमा भने बल्ल आज सोमबारदेखि सुरु भएको छ। अब मतदानको ३ दिनअगाडि अर्थात् फागुत १८ गतेसम्म जुलुस, जनसभा, घरदैलोका साथै सञ्चार माध्यममा पनि निर्वाचनको प्रचार प्रसार गर्न पाइन्छ। नेपाली समाजमा तामझामयुक्त प्रचारवाजी कति प्रभावकारी हुन्छ भन्ने विषयमा व्यवस्थित अध्ययन भएको देखिँदैन। तैपनि राजनीतिक दल र उमेदवारहरू निर्वाचन प्रचारलाई 'भव्य' बनाउन बढी नै लालायित देखिन्छन्। निर्वाचन प्रचार पछिल्ला वर्षहरूमा दलहरूको शक्तिका साथै वैभव प्रदर्शनको पनि माध्यम बनेको छ।

सम्भवतः यही शक्ति र वैभवको भद्दा प्रदर्शन नियन्त्रण गर्नु नै निर्वाचन आचारसंहिताको आवश्यकता र उपादेयता हो। यद्यपि, विश्वका केही सम्पन्न मुलुकमा निर्वाचन आयोगले जारी गरेको आचारसंहिताले चुनावमा भाग लिएका दल र उमेदवारको स्वतन्त्रता कुण्ठित गर्छ भन्ने तर्क पनि सुनिन्छ। तर, नेपालजस्तो लोकतान्त्रिक अभ्यास कम र असमानता व्यापक भएको समाजमा सम्भवतः कमजोरको स्वतन्त्रता रक्षाका लागि पनि शक्तिशालीमाथि अंकुश लगाउनुपर्छ। अन्यथा, निर्वाचनमा पनि मत्स्यन्यायकै शक्ति चरितार्थ हुनपुग्छ। विगतका निर्वाचनहरूमा आचारसंहिताको कार्यान्वयन प्रभावकारी नहुँदा मत्स्यन्यायका धेरै उदाहरण देखिएका थिए।

यही फागुन २१ गते मतदान हुने प्रतिनिधिसभाको निर्वाचनमा मतदाताहरूले अहिलेसम्म मत कता दिने हो भन्ने निर्णय पनि गरिसकेको हुनुपर्छ। विशेषगरी सामाजिक सञ्जालका कारण मतदाताका निम्ति अहिले उमेदवार वा दलहरू नौला छैनन्। यसैले अब निर्वाचन प्रचार प्रसारका देखाइने 'रोड सो'लगायतका तमासाले मतदातालाई दिक्क बनाउन पनि सक्छ। शक्ति र वैभव प्रदर्शनको होडमा चुनाव प्रचारलाई 'फ्री स्टाइल' कुस्ती' बनाउने प्रवृत्ति अहिले दलका नेता कार्यकर्ताहरूमा देखिन थालेको छ। त्यस्तो प्रवृत्ति सामाजिक सञ्जालमा सीमित रहुन्जेल भौतिक क्षति पनि नहोला। यद्यपि, त्यसले घृणा र विद्वेषको विषवृक्ष भने हुर्काउँदै लागेको छ।

सामाजिक सञ्जालमा अहिले हुर्काइको घृणा र विद्वेषको विष सडकमा पोखियो भने नेपालको लोकतन्त्र नै दूषित हुन पुग्नेछ। यसैले जिम्मेवार राजनीतिक दल तथा उमेदवारहरूले सडक प्रदर्शनका क्रममा पनि निर्वाचन आचारसंहिता र आत्मसंयमको लक्ष्मणरेखा ननाघ्न विशेष ध्यान दिनुपर्छ। निर्वाचन आयोगले औँला उठाउनै नपर्ने गरी आत्मअनुशासन देखाउनु उचित हुनेछ। दल र उमेदवारहरूले आचारसंहिताको पटकपटक र गम्भीर उल्लंघन गरे भने निर्वाचन आयोग पनि मूकदर्शक बन्नु हुँदैन। कुनै न कुनै विन्दुबाट त कानुनको पालना गर्नैपर्ने पाठ राजनीतिक नेताले पनि त पढ्न थाल्नैपर्छ। सम्भवतः अहिलेको सरकार कुनै दल वा उमेदवारलाई जोगाउन पक्कै अगाडि नसर्ला। यसैले निर्वाचन आयोगले यही निर्वाचनलाई अनुशासनउन्मुख गराउने आँट गरोस्।

## मुसहर समुदायको ...

साहका अनुसार भूमिहीनलाई घर बनाउन जग्गा व्यवस्थापनका लागि सिराहाका १७ वटै स्थानीय तहसँग पटक–पटक पहल गरिए पनि अपेक्षित चासो नपाइएको छ। उहाँले ऐलानी, पर्ती तथा नदीकिनारका असुरक्षित बस्तीको समस्या समाधानका लागि तीनै तहका सरकारबिच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो। दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेश विसुन्केले मतदातामा बढ्दो सचेतना र विश्वसनीय घोषणापत्रको खोजी सकारात्मक पक्ष भएको उल्लेख गर्दै मुसहर समुदायका माग जायज रहेको बताउनुभयो। "लहान नगरपालिकामा झन्डै २० हजार दलितको बसोवास छ, जसमा ९० प्रतिशतभन्दा बढी भूमिहीन छन्। सुकुम्वासी समस्या समाधान यसपटकको निर्वाचनमा प्राथमिकतामा आउनै पर्छ," उहाँले भन्नुभयो।

विकन परियोजनाका निर्देशक कविन्द्र पुडासैनीका अनुसार लहानमा चार हजार २०१ परिवारमा शौचालय नहुनुको प्रमुख कारण जग्गा अभाव हो। मुसहर बस्तीमा सुरक्षित आवास र शौचालयको व्यवस्था दलहरूको घोषणापत्रमा समावेश हुनुपर्ने उहाँको भनाइ छ।

# ... अनि भत्कियो कारागारभित्र इन्द्रजितको शासन !

एम्बुलेन्स, दमकल तयारी अवस्थामा राखियो। कारागारलाई चारैतिरबाट नेपाली सेना, सशस्त्र प्रहरीले 'कर्डन' गऱ्यो। ड्रोन उडाएर सबै दृश्य कैद गरियो। कुकुर समेतको सहयोगमा कारागारभित्र प्रहरीले सर्च अपरेशन चलायो। अनि ३ वर्षदेखि 'जंगी' शासन चलाएका इन्द्रजितको हातमा हत्कडी लाग्यो।



**नारायण अधिकारी**

काठमाडौं, ४ फाल्गुन। कारागारभित्र प्रभुत्व जमाउँदै आएका उनको अगाडि प्रशासन निरीह थियो। चाल पाएर पनि नपाएझैँ गर्नुपर्ने बाध्यता थियो। उनको अनुमतिबेगर कारागारको गेट पनि खुल्थेन। कारागार अनुगमन र कैदीसँगको भेट उनले चाहेमा मात्रै सम्भव थियो। नत्र बाहिरबाटै टुलुटुलु हेरेर फर्कनुपर्ने बाध्यता प्रशासनसँग हुन्थ्यो। अवैध रूपमा यसरी कारागारलाई आफ्नो 'कब्जा' गर्ने व्यक्ति हुन इन्द्रजित यादव। जिल्ला कारागार सिरहाभित्र उनको दबदबा र शासन त्यहाँका कैदीलाई मात्रै होइन प्रशासनलाई पनि राम्रैसँग थाहा थियो। तर, चाहेर पनि प्रशासन इन्द्रजितको शासनअघि लुलो बन्न पुगेको थियो।

इन्द्रजितको यो अवैध र यातनादायी शासन ढाल्न 'प्रशासन र कैदी' उचित समयको पर्खाइमा थिए। तर ३ वर्षदेखि त्यो समय मिलिरहेको थिएन। इन्द्रजितको तीन वर्षदेखिको जङ्गी शासन २५ माघमा पनि दोहोरियो। पहिलेजस्तै १० जना कैदीलाई आँखामा पट्टी लगाएर इन्द्रजितले बाँधे। हात पछाडि लगेर कसियो। अनि चरम यातना दिने, पिट्ने काम मात्रै भएन, बाहिर निकालेर ढोकामा भोटे ताल्चा ठोकियो। 'शक्ति सधैँ दाहिना हुँदैनन्' भनेझैँ उक्त दिन इन्द्रजितको समय उल्टो चल्यो। कारागार प्रशासन हुँदै खबर फैलिएर जिल्ला प्रहरी कार्यालय सिरहासम्म पुग्यो। सिरहाको कमान्ड करिब तीन साताअघि मात्रै एसपी बासुदेव पाठकले सम्हालेका थिए। उनले इन्द्रजितको कारागार शासनबारे धेरथोर जानकारी लिइसकेका थिए।

पीडितको उद्धार गर्नु जति आवश्यकता थियो, त्यति नै मात्रामा उद्धारमा सजगता अपनाउनुपर्ने बाध्यता पनि प्रहरीसँग थियो। यस्तै घटना यसअघि पटक–पटक हुँदा त्यहाँ प्रहरी नै छिर्न सकेको थिएन। प्रहरीलाई अवरोध गर्ने र आक्रमण गर्नेसम्मका घटना भएको त्यहाँ खटिएका सुरक्षा अधिकारीहरू बताउँछन्। प्रहरीले आँखामा पट्टी लगाएर हात बाँध्दै यातना दिँदै गरेको अवस्थामा १० जनालाई कारागारबाट उद्धार गऱ्यो। 'हामीले घटना थाहा पाउनासाथ १० जनालाई उद्धार गऱ्यौँ। त्यहाँ राख्दा उनीहरूको ज्यान नै जोखिम हुनसक्ने बुझेपछि जिप्रका ल्याएर हिरासतमा राख्यौँ,' एसपी पाठक भन्छन्।

पीडित कैदीको कुरा सुन्दा त्यहाँ इन्द्रजितको राज्यबाहेक अरू केही थिएन। राज्यविहीन अवस्थामा कुनै विद्रोही समूहले दुश्मनलाई कब्जामा लिएर आँखामा पट्टी लगाएजस्तो अवस्थामा सेनाको सहयोगमा साँझ ६ बजेतिर उद्धार गरेको एक प्रहरी अधिकृत बताउँछन्।

**रातभर योजना बनाएर अपरेसन**

घरेलु हतियारले कुटपिट गर्दै यातना दिएकाको उद्धार भए पनि इन्द्रजितको अवैध शासन नढालेसम्म यस्ता घटना निरन्तर दोहोरिने जोखिम थियो। किनकि यसभन्दा अघि दुई पटकसम्म यस्तै यातना दिँदै २५ जनालाई सिरहा कारागारबाट इन्द्रजितले लखेटिसकेका थिए। आफूले भनेको नमान्ने, आफ्नो अन्डरमा नबस्ने, आफ्नो विरोध गर्नेलाई यस्तै शैलीमा इन्द्रजितले यातना दिने गर्थे। उद्धार गरेकाहरूलाई पुनः त्यहाँ लगेर राख्न नसक्ने अवस्था भएपछि २५ कैदीबन्दीलाई त्यहाँबाट अन्यत्रको कारागार सरुवा गर्नुपरेको थियो। अहिले तेस्रो पटक उद्धार गरिएका १० जनालाई पनि झापा, मोरङ, सुनसरी कारागार सरुवा गरिएको छ।

कारागारमा आफ्नो हुकुमी शासन चलाएका इन्द्रजितसँग पेस्तोल र गोली भएको सूचना ३ वर्षदेखि नै प्रहरीले अलिअलि मात्रामा सुन्दै आएको थियो। अझ, पछिल्लो एक वर्षदेखि त त्यही पेस्तोल ताक्दै आफ्ना विरोधीहरूलाई उनले तह लगाउने गरेकोसम्म पीडित कैदीहरूले बताउँदै आएका थिए। तर पनि प्रहरी प्रशासनले केही गर्न सकेको थिएन। जिल्लाको कमान्ड सम्हालेलगत्तै इन्द्रजितबारे जानकारी पाएका एसपी पाठकले यो सूचनाको भेरिफाई गर्ने प्रयास गरे। महोत्तरीको बैंक लुटपाटमा कारागार बसेका एक भारतीयलाई बोलाएर सोधपुछ गरियो। सो क्रममा यो सूचना पुष्टि भयो।

तर पनि तत्कालै 'अपरेसन' गर्न प्रहरी हच्कियो। बल प्रयोग गर्नुपर्ने, प्रहरीमाथि नै आक्रमण हुनसक्ने, गोली चलाउनुपर्ने अवस्था आएको खण्डमा हात हालाहाल हुनसक्ने लगायतका कारण प्रशासनबाट प्रहरी हच्किएको थियो। २५ माघको घटनापछि अब कारबाही अगाडि नबढाए अर्को दुर्घटना इन्द्रजितबाट हुनसक्ने निष्कर्ष निकालेर सुरक्षा निकायले अपरेसनको प्लान बनाए। त्यसका लागि सिरहास्थित नेपाली सेनाको 'नन्दा बक्स गण' देखि सशस्त्र प्रहरीको टोलीसम्मको सहयोग मागियो। मधेश प्रदेश प्रहरी कार्यालयबाट तालिमप्राप्त कुकुर मगाइयो। एम्बुलेन्स, दमकल तयारी अवस्थामा राखियो। ताकि बल प्रयोग गर्नुपरेको अवस्थामा घाइते भए एम्बुलेन्समार्फत तत्कालै अस्पताल पुऱ्याउन सकियोस्। कैदीले कारागारमै आगजनी गर्न थाले दमकलले निभाउन सकियोस्। कारागारलाई चारैतिरबाट नेपाली सेना, सशस्त्र प्रहरीले कर्डन ( घेराबन्दी) गऱ्यो। ड्रोन उडाएर सबै दृश्य कैद गरियो।

अनि कारागारभित्र प्रहरीले चलायो सर्च अपरेसन। ३ वर्षदेखि जङ्गी शासन चलाएका इन्द्रजितको हातमा हतकडी लाग्यो। 'यो अपरेसन चानचुन छँदै थिएन। त्यहाँ छिर्न सम्भव नै थिएन। केही भइहाल्छ कि भन्ने डर हामीमा पनि थियो। तर सोचेभन्दा पनि सहज तरिकाले आधा घण्टाभित्र अपरेसन सफल भयो,' अपरेसनमा सहभागी एक अधिकृत भन्छन्। ११ बजे थालेको अपरेसन साढे ११ बजेमै सकियो। इन्द्रजित र उसका आसेपासे नजिकका कैदीबन्दीको पहिल्यै पहिचान गरिएको थियो। इन्द्रजितसँगै १३ जनालाई प्रहरीले हतकडी लगाएर हिरासतमा लियो। अनि पूर्वसूचना अनुसार कारागारको पूर्वतर्फ रहेको जिम हलभित्रको पुरानो ब्ल्याङ्केटमा लुकाएर राखेको अवस्थामा पेस्तोल बरामद भयो। सँगै ७.६२ लेखेको लाइभ २ राउण्ड गोली र अन्य घरेलु हतियार पनि बरामद भए।

इन्द्रजितलाई लगेको भन्दै उनका समर्थकले कारागारमा नाराबाजी गरे। एक/दुई दिनसम्म 'इन्द्रजित दाइ' चाहियो भन्दै कारागारभित्र नाराबाजी भयो। 'बरु सूर्य पश्चिमबाट उदाउला अब इन्द्रजित फर्किँदैनन्। तिमीहरू यही मिलेर बस्ने भए बस नत्र तिमीहरूको पनि सरुवा हुन्छ,' कारागार प्रशासनले चेतावनीसहित भनेपछि कैदीबन्दी साम्य हुन बाध्य भए। यो अपरेसन सकिएपछि सुरक्षाकर्मीले सेलिब्रेसन नै गरे। गृहमन्त्रीदेखि प्रधानमन्त्रीसम्मले टेलिफोन गरेर सिरहा प्रशासनलाई धन्यवाद दिए। सिरहा कारागारमा इन्द्रजितको शासन कतिसम्म थियो र त्यो अपरेसन कसरी सफल भयो भन्ने यसबाट पनि प्रष्ट हुन्छ। व्यक्ति हत्या गरेको घटनामा २५ वर्ष कैद सजाय तोकिएका इन्द्रजितलाई अहिले सरुवा गरेर सुन्धारास्थित केन्द्रीय कारागार जगन्नाथदेवल ल्याइएको छ। अवैध रूपमा सिरहा कारागार प्रशासनको नाइके बनेका इन्द्रजितको ठाउँमा अहिले कैदीको सिफारिसमा नयाँ नाइके तोकिएको छ। सिरहा कारागार अहिले शान्त बनेको छ।

तर अझै एउटा अनुत्तरित प्रश्न छ– कारागारभित्र कसरी छिऱ्यो पेस्तोल र गोली? कारागारमा पेस्तोल छिराइएको बारे अनुसन्धान भइरहेको भन्नेबाहेक प्रशासनले औपचारिक रूपमा केही बोलेको छैन। नाइके तथा चौकीदारमार्फत नै पेस्तोल गोली छिरेको आशंका गरिएको छ। इन्द्रजितले राखेको पेस्तोल होम मेड अर्थात् कट्टुवा हो। चौकीदारहरू कारागार बाहिर पनि रासन किनमेल गर्न जाने भएकाले चौकीदारमार्फत नै पेस्तोल छिरेको आशङ्का प्रहरी प्रशासनको छ। अनलाइन खबरबाट

## सीमाका ...

पाँच पोका कपडा बरामद गरेपछि तस्कर समुहले आक्रमण गरेको थियो ।

भन्सार छलीका कपडा बरामदपछि लोड गर्ने क्रममा सशस्त्र प्रहरीमाथि आक्रमण गरिएको थियो। त्यसपछि भएको झडपका क्रममा तीन सशस्त्र प्रहरीका तीन जना सामान्य घाइते भएको र गाडीमा क्षति पुगेको थियो। सशस्त्र प्रहरीका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाका अनुसार आक्रमणकारीको आक्रमणबाट घाइते सशस्त्रका तीन प्रहरीको नारायणी अस्पतालमा उपचारपछि निको भएर काममा फर्केका छन्। उक्त घटनामा संलग्न रहेको आरोपमा ६ जनालाई पहरीले पक्राउ गरेको छ। भारतीय तस्करको समूह र सशस्त्र प्रहरीबिच २०७७ जेठ ३१ मा सर्लाहीको नारायणपुर नाकामा झडप भएको थियो। त्यस दिन अवैधरूपमा नेपाल पस्न खोजेको भारतीय तस्करको टोलीलाई रोक्न सशस्त्र प्रहरीले गोली चलाउँदा एक भारतीयको मृत्यु भएको थियो। घटनामा सशस्त्र प्रहरीका तीन र तस्कर समुहका दुईजना घाइते भएका थिए।

यसैगरी २०७७ जेठ १८ मा सर्लाहीकोको विष्णु गाउँपालिका –२ पकडीस्थित फेनहरा नाकामा खटिएका सशस्त्र प्रहरीमाथि भारतीय तस्कर समुहले आक्रमण गरेको थियो। यसरी तस्करको समुहले सशस्त्र प्रहरीमाथि आक्रमण गर्दै आएका छन्। तस्करको तारो नेपालका सुरक्षाकर्मी मात्र बन्दै आएका छैनन्। भारतीय सीमा सुरक्षा वल पनि तस्करको चपेटमा पर्दै आएको छ। ०७९ भदौ १५ गते राति करिब १० बजे सिरहा नगरपालिका–२१ लगडिगोठबाट मदिराले भरिएको स्कार्पियो जीप तीव्र गतिमा पारी जोगिया हुँदै जयनगरतर्फ जाँदै थियो। भारतको मधुवनी जिल्ला दलनीया प्रहरी चौकी अन्तर्गत जोगिया गाउँ प्रवेश गरेको मदिराले भरिएको उक्त जीपलाई भारतीय सशस्त्र सीमा बलका हेड कन्सटेबल देवराज शर्माले रोक्न खोजे। तीव्र गतिको सो जीप शर्मालाई किचेर भाग्यो। रगतले लतपत शर्मालाई उपचारका लागि जयनगर अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए। शर्मा मधुबनी जिल्लाको राजनगर राज कम्प्लेक्समा रहेको १८ औं बाहिणी मुख्यालय राजनगर अन्तर्गत आराहा बिओपीमा हेड कन्सटेबल पदमा कार्यरत्त थिए।

**चुनावी सुरक्षा चुनौती र योजना**

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गरी मधेसलाई सम्वेदनशील सूचीमा राखिएको छ। अपराधको इपिसेन्टर मानिएको मधेस प्रदेशमा सुरक्षा व्यवस्थालाई मजबुत बनाउन यहाँका सुरक्षाअधिकारी केन्द्रित छन्। निर्वाचनलाई स्वच्छ र निष्पक्ष र भयरहित बनाउन प्रदेशभर तीन तहको सुरक्षा घेरा परिचालन गर्ने तयारी छ। अति संवेदनशील क्षेत्रमा ड्रोन तथा सीसी क्यामेरामार्फत निगरानी गर्ने तयारी गरिएको छ। मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार प्रदेशका आठ जिल्लामा रहेका कुल २ हजार १६० मतदानस्थलमध्ये ५७ प्रतिशत अर्थात् १ हजार २३७ स्थललाई 'अति संवेदनशील' सूचीमा राखिएको छ। सुरक्षाका दृष्टिले सप्तरी जिल्ला 'रेड जोन' मा देखिएको छ, जहाँका २०९ मतदानस्थल अति संवेदनशील छन् ।

यसैगरी धनुषाका १९४, महोत्तरीका १६३ र अन्य जिल्लाका विभिन्न केन्द्रहरूलाई पनि सुरक्षा चुनौतीका आधारमा वर्गीकरण गरिएको छ। प्रदेश प्रहरी प्रमुख डीआईजी गोविन्द थपलियाले निर्वाचनका लागि ४० हजारभन्दा बढी नेपाल प्रहरी र म्यादी प्रहरी परिचालन गरिने जानकारी दिए। साथै सशस्त्र प्रहरीका १० हजार र नेपाली सेनाको टोली समेत गरी मधेसमा कुल ५० हजारभन्दा बढी सुरक्षाकर्मी र फैज चुनावी सुरक्षाका लागि मैदानमा उत्रनेछन्। मधेस प्रदेशमा चार सय ६४ किलोमिटर क्षेत्र सीमासँग जोडिएको छ। खुला सीमाका कारण हुनसक्ने अवाञ्छित गतिविधि रोक्न सीमा क्षेत्रमा विशेष कडाइ अपनाइने तयारी छ ।

सशस्त्र प्रहरी बलका डीआईजी कृष्ण ढकालका अनुसार निर्वाचन अधिकृतको कार्यालय, मोबाइल टोली र रिजर्भ फोर्समार्फत जनशक्ति परिचालन भइसकेको छ। यता, धनुषा र महोत्तरीका प्रमुख जिल्ला अधिकारीहरूले भारतीय सुरक्षा निकायसँग समन्वय बैठक गरिसकेको र फागुन ९ गते पुनः सीमा सुरक्षा बैठक बस्ने तयारी भइरहेको बताए। मधेस प्रदेशका आधि मदतान केन्द्रलाई 'उच्च जोखिम क्षेत्र' को रूपमा वर्गीकरण गरिनुले यहाँको सुरक्षा सम्वेदनशीलतालाई प्रष्ट्याउँछ। राजनीतिक प्रतिस्पर्धा, दल परिवर्तन, प्रभावशाली नेताहरूको उम्मेदवारी, धार्मिक संवेदनशीलता र अघिल्ला निर्वाचनमा भएका अवाञ्चित गतिविधिका कारण मधेस सुरक्षाका दृष्टिले सम्वेदनशील बनेको हो।

प्रदेशभर ३६ लाख ३६ हजारभन्दा बढी मतदाता मतदानको तयारीमा रहँदा सुरक्षा निकायले 'कुनै पनि मूल्यमा अवाञ्छित गतिविधि हुन नदिने' रणनीति अघि सारेको छ। यही सन्दर्भमा नेपाल प्रहरीले तीनजना प्रहरी वरिष्ठ उपरीक्षक ( एसएसपी) लाई विशेष सुरक्षा अनुगमन तथा समन्वयको जिम्मेवारी दिएको छ। प्रदेश तालिम केन्द्र राजविराजका एसएसपी भीमबहादुर दाहाल, संघीय प्रहरी कार्यालय वीरगन्जका प्रमुख एसएसपी शान्तिराज कोइराला र एसएसपी कमल थापालाई निर्वाचनपूर्व सुरक्षा अवस्था मूल्यांकनदेखि योजना निर्माणसम्मको जिम्मेवारी दिइएको सुरक्षा स्रोतले जनाएको छ। दाहालले सिरहा र सप्तरी, कोइरालाले बारा, पर्सा, रौतहट तथा थापाले धनुषा, महोत्तरी र सर्लाहीको विशेष सुरक्षा सम्हाल्नेछन्।

यी नियुक्ति केवल प्रशासनिक व्यवस्थापन नभई 'सुरक्षा रेड जोन' को संकेत भएको जानकारहरू बताउँछन्। विशेषगरी सिरहा, सर्लाही, रौतहट र पर्सालाई बढी चुनौतीपूर्ण जिल्ला मानिएको छ। विगतका चुनावमा यहाँ भएका झडप, बुथ कब्जा प्रयास, राजनीतिक कार्यकर्ताबीचको द्वन्द्व र सीमावर्ती गतिविधिका कारण यी क्षेत्र सुरक्षाका हिसाबले सधैं संवेदनशील सूचीमा पर्ने गरेका छन् ।

**मतदानस्थलको वर्गीकरण**

मधेस प्रदेशका ३२ निर्वाचन क्षेत्रमा २ हजार १६० मतदानस्थल र ४ हजार ४७१ मतदान केन्द्र छन्। तर तीमध्ये १ हजार २३७ मतदानस्थल 'अति संवेदनशील' र ७६३ 'संवेदनशील' को सूचीमा छन्। अर्थात् झन्डै आधाभन्दा बढी मतदानस्थल उच्च जोखिम श्रेणीमा पर्नुले सुरक्षा चुनौतीको गम्भीरता झल्काउँछ। 'अति संवेदनशील' क्षेत्रहरूमा सशस्त्र प्रहरी, नेपाल प्रहरी र म्यादी प्रहरीको संयुक्त निगरानी रहनेछ। ड्रोन निगरानी, मोबाइल पेट्रोलिङ, सादा पोसाकका प्रहरी परिचालन र सीमावर्ती नाकामा विशेष चेकजाँचको तयारी गरिएको सुरक्षा स्रोत बताउँछन्।

निर्वाचन सुरक्षाका लागि १२ हजार ६९२ जना नेपाल प्रहरी र २८ हजार २९५ जना निर्वाचन प्रहरी परिचालन हुने जानकारी मधेस प्रदेश प्रहरी कार्यालयले दिएको छ। यसले मधेसमा चुनाव शान्तिपूर्ण गराउन राज्य संयन्त्र पूर्ण रूपमा सक्रिय रहेको स्पष्ट संकेत दिन्छ। यो केवल मतदानको दिनको सुरक्षा होइन, मतदानअघि र पछि सम्भावित गतिविधिलाई समेत नियन्त्रण गर्ने रणनीति रहेको सुरक्षा अधिकारी बताउँछन्।

सुरक्षा अधिकारीहरुका अनुसार मधेस प्रदेश राजनीतिक रूपमा अत्यधिक प्रतिस्पर्धी क्षेत्र हो। यहाँ साना–ठूला दल, क्षेत्रीय दल र स्वतन्त्र उम्मेदवारबीच कडा टक्कर देखिएको छ। दल परिवर्तनको लहर, प्रभावशाली नेताहरूको एकै क्षेत्रमा भिडन्त, जातीय र धार्मिक संवेदनशीलता तथा सीमावर्ती खुला आवागमनले सुरक्षा जोखिम थप बढाएको छ। अघिल्ला निर्वाचनहरूमा देखिएका बुथ कब्जा प्रयास, मतपेटिका तोडफोड, झडप र अवरोधका घटनाले पनि सुरक्षा निकायलाई मधेसले थप गम्भीर बनाएको छ ।

भारतसँग जोडिएका खुला सीमाका कारण मधेस प्रदेशमा निर्वाचनका बेला बाह्य प्रभाव, अवाञ्छित व्यक्तिको आवतजावत र गैरकानुनी गतिविधिको जोखिम रहने आकलन सुरक्षा अधिकारीहरुको छ। जसकारण सीमावर्ती नाकाहरूमा कडाइ गरिएको छ भने शंकास्पद गतिविधिमाथि निगरानी बढाइएको छ। संवेदनशील क्षेत्रमा हतियार ओसारपसार, अवैध रकमको प्रयोग र मतदातालाई प्रभाव पार्ने गतिविधिमाथि विशेष निगरानी भइरहेको मधेस प्रदेशका एक सुरक्षा अधिकारीले बताए। केही जिल्लामा धार्मिक तथा सामाजिक मुद्दा चुनावी एजेन्डासँग गाँसिँदा तनाव बढ्ने सम्भावना देखिएको छ। सुरक्षा संयन्त्रले समुदायस्तरमा संवाद, स्थानीय अगुवासँग समन्वय र शान्ति समितिको सक्रियता बढाएको जनाएको छ। सानो अफवाहले पनि ठूलो तनाव निम्त्याउन सक्ने भएकाले साइबर निगरानी समेत तीव्र बनाइएको छ।

निर्वाचन आचारसंहिता उल्लंघन, भीड नियन्त्रण, जुलुस–सभा व्यवस्थापन र सामाजिक सञ्जालमार्फत फैलाइने गलत सूचना रोक्न सुरक्षा निकायको विशेष ध्यान केन्द्रित गरेका छन्। उम्मेदवार र दलका गतिविधिमाथि निगरानी बढाइएको छ। मधेसका मतदाताका लागि यो चुनाव मतदानको अवसर हो भने सुरक्षा निकायका लागि सफल र सुरक्षित व्यवस्थापनको परिक्षा।

## कांग्रेसको चुनावी...

सदस्यका उम्मेदवार बनेका राम चन्द्र यादव को समर्थनमा कार्यक्रम स्थलमा समर्थकहरूको उल्लेखनीय भीड देखिएको थियो। सहभागीहरूले यादवप्रति स्थानीय स्तरमा बढ्दो आकर्षण र विश्वास रहेको दाबी गर्दै आगामी निर्वाचनमा विजय सुनिश्चित हुने विश्वास व्यक्त गरे। कार्यक्रममा युवादेखि ज्येष्ठ नागरिकसम्मको सक्रिय सहभागिता रहेको थियो। वक्ताहरूले विगतमा अधुरा रहेका विकासका योजनाहरूलाई पूर्णता दिने प्रतिबद्धता जनाउँदै शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधार विकासलाई प्राथमिकतामा राखिने बताए। कृषिमा आधुनिकीकरण, युवालाई रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा विस्तार तथा स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्ने योजनाबारे पनि चर्चा गरिएको थियो। स्थानीय समस्याहरूको दीर्घकालीन समाधानका लागि समन्वयात्मक ढंगले काम गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो।

कार्यक्रमका क्रममा पार्टीका विभिन्न तहका नेताहरूले एकताबद्ध भएर निर्वाचनमा होमिन आग्रह गरे। लोकतन्त्रको रक्षा र सुदृढीकरणका लागि सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिँदै वक्ताहरूले समृद्ध सिरहा निर्माण नै आफ्नो मुख्य लक्ष्य रहेको बताए। कार्यक्रमको अन्त्यमा सहभागीहरूले आगामी फागुन २१ गते हुने निर्वाचनमा सक्रिय रूपमा सहभागी भई पार्टीका उम्मेदवारलाई विजयी गराउने सामूहिक संकल्प व्यक्त गरेका थिए। उत्साहपूर्ण नाराबाजी र समर्थनका स्वरबीच सम्पन्न उक्त कार्यक्रमले सिरहा क्षेत्र नम्बर २ मा चुनावी माहोल थप तातेको संकेत दिएको स्थानीयले बताएका छन्।

# मिथिला मध्यमा परिक्रमा विधिवत् रूपमा शुरू



धनुषा, ४ फाल्गुन। मिथिलाको महाकुम्भको रूपमा चिनिने धार्मिक तथा ऐतिहासिक १५ दिने मिथिला मध्यमा परिक्रमा सोमबारदेखि विधिवत रूपमा शुरू भएको छ। धनुषाको मिथिला बिहारी नगरपालिका–८ कचुरीको मिथिला विहारी मन्दिरबाट झाँकी, कीर्तनसहित मुख्य डोला निकालिएको हो। मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादव तथा विभिन्न साधुसन्तहरूले संयुक्त रूपमा डोला मन्दिरबाट निकालेपछि परिक्रमा औपचारिक रूपमा प्रारम्भ भएको हो। यो परिक्रमा १५ दिनसम्म चल्नेछ र यसमा हजारौं साधुसन्त तथा श्रद्धालुहरू सहभागी छन्। यात्राले कूल १ सय ३३ किलोमिटर दूरी तय गर्दै नेपाल र भारतका विभिन्न पवित्र ठाउँहरू पार गर्नेछ।

परिक्रमामा १५ ठाउँमा राति विश्राम गरिन्छ, जसमध्ये अधिकांश नेपालमा र केही भारतको बिहारमा पर्छन्। कचुरीबाट निस्केको डोलासहितका श्रद्धालुहरू साँझ जनकपुरधामको हनुमानगढीमा पुगेर विश्राम गर्नेछन्। जनकपुरधामको सुन्दर सदन मन्दिरबाट किशोरीजी, रामजानकी तथा अन्य मन्दिरका डोलाहरू पनि यसमा समाहित हुनेछन्। हनुमानगढीबाट मंगलबारदेखि परिक्रमा पूर्ण रूपमा विधिवत अगाडि बढ्नेछ। अठारौं शताब्दीदेखि चल्दै आएको यो परम्परा मिथिला महात्म्य ग्रन्थमा आधारित छ। परिक्रमा १५औं दिन जनकपुरधाममा अन्तर्गृह परिक्रमा (पञ्चकोशी) पूरा गरेपछि समापन हुन्छ र त्यसको भोलिपल्ट मिथिलाञ्चलमा होली पर्व मनाउने प्रचलन छ।

जनविश्वासअनुसार मन, वचन र कर्मले परिक्रमा गर्दा अनेकौं पाप तथा अन्याय नष्ट हुने, मनोकामना पूरा हुने तथा अन्ततः मोक्ष प्राप्ति हुने विश्वास गरिन्छ। यो धार्मिक यात्राले नेपाल–भारतबीचको सांस्कृतिक एकतालाई पनि मजबुत बनाउँदै आएको छ। श्रद्धालुहरूले यसलाई भगवान राम र माता जानकीको मिथिला आगमनसँग जोडेर हेर्ने गर्छन्।

### सब इन्जिनियर हत्या घटना :

# सर्लाही जिल्ला अदालतको सेवा अवरुद्ध

सर्लाही, ४ फाल्गुन। सदरमुकाम मलङ्गवामा आइतबार राति अज्ञात व्यक्तिको गोली प्रहारबाट सब इन्जिनियरको हत्या भएपछि त्यसको विरोधमा आज सर्लाही जिल्ला अदालतका कर्मचारीले सेवा अवरुद्ध गरेका छन्। जिल्ला अदालतको मूल द्वारमा धर्ना दिँदै उनीहरुले हत्याका दोषिलाई कारवाही तथा कर्मचारीको सुरक्षाको 'ग्यारेन्टी' हुनुपर्ने माग राखेका छन्। पूर्वाधार विकास कार्यालयमा कार्यरत सिरहाको सुखीपुर नगरपालिका–६ वैशाखा घर भएका सब इन्जिनियर ३६ वर्षीय प्रमोदकुमार यादवको आइतबार राति मलङ्कवा नगरपालिका–१० स्थित डेरामा अज्ञात व्यक्तिले गोली प्रहार गरी हत्या गरेका थिए।

सब इन्जिनियर यादव आइतबार दिउँसो मात्र बुबाको काजकिरिया सकेर मलङ्कवा फर्किएका सर्लाहीका प्रहरी उपरीक्षक योगेन्द्रकुमार खड्काले बताए। उनी घरबाट फर्किएलगत्तै घटना भएको देखिएकाले विभिन्न कोणबाट अनुसन्धान भइरहेको उनले जानकारी दिए। मोटरसाइकलमा आएका व्यक्तिले सबइन्जिनियर यादवलाई कोठाबाहिर बोलाएर गोली प्रहार गरेको मृतककी श्रीमती पुनम यादवले बताइन्। उनको देब्रे छातीमा गोली लागेको प्रहरीले जनाएको छ। घटनास्थलबाट गोलीको एक खोका बरामद गरिएको छ। प्रारम्भिक अनुसन्धानका आधारमा घटनामा सानो हतियार (पेस्तोल) प्रयोग भएको पाइएको प्रहरी नायव उपरीक्षक सरोज राईले बताए। गोली लागेर ढलेका यादवलाई आइतबार राति नै प्रहरीले उद्धार गरी प्रादेशिक अस्पताल मलङ्गवा पुर्याएको थियो। अस्पताल पुर्याएलगत्तै चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए। हालसम्म गोली प्रहारको कारण खुल्न नसकेको प्रहरी नायव उपरीक्षक राईले बताए। सब इन्जिनियर यादव श्रीमती र दुई वर्षीया छोरीसँगै मलङ्कवा–१० मा डेरामा बस्दै आएका थिए।

# लहान-१० को जनता मावि ३-० को शानदार जित




सप्तरी, ४ फाल्गुन। लहान नगरपालिका स्तरीय छात्रा भलिबल प्रतियोगितामा लहान-१० स्थित श्री जनता माध्यमिक विद्यालय बैरिया गुदीगाउँ ले उत्कृष्ट प्रदर्शन गर्दै ३-० को सोझो सेटमा विजय हासिल गरेको छ। विजेता छात्राहरूले प्रदर्शन गरेको अनुशासित खेल, समन्वय र प्राविधिक कौशलले दर्शकहरूलाई उत्साहित बनाएको थियो। प्रतियोगितामा प्राप्त यस ऐतिहासिक जितसँगै विद्यालय परिवार र स्थानीय समुदायमा खुशीको लहर छाएको छ। खेलाडी छात्राहरूको निरन्तर प्रगति र उज्ज्वल भविष्यको कामना गर्दै आयोजकप्रति पनि आभार व्यक्त गरिएको छ।

स्थानीय सरोकारवालाहरूले लहान नगरपालिकाको आगामी शैक्षिक क्यालेण्डरमा खेलकुदलाई प्राथमिकतासहित समावेश गर्नुपर्ने आवश्यकता औंल्याएका छन्। विद्यालयको वार्षिक शैक्षिक कार्यक्रममा समेत नियमित रूपमा खेल गतिविधि समेटिनुपर्ने सुझाव दिइएको छ। विद्यालयमा भलिबलसँगै फुटबल, क्रिकेट, कब ी, नृत्य तथा संगीतमा समेत उल्लेखनीय प्रतिभा रहेको बताइएको छ। सप्ताहमा पाँच दिन नियमित पठन-पाठन र शुक्रबार 'बुकलेस डे' मार्फत अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा खेलकुदलाई विशेष प्राथमिकता दिनुपर्ने माग उठेको छ। लहान क्षेत्रले विगतमा फुटबल र भलिबलमा राष्ट्रिय ख्याति कमाएको ऐतिहासिक विरासत पुनःस्थापित गर्न विद्यालय तथा नगरस्तरीय खेलकुद क्यालेण्डर निर्माण आवश्यक रहेको सरोकारवालाहरूको धारणा छ।

लहान-१० नम्बर वडामा एक मात्र विद्यालय रहेको सन्दर्भमा यसको भौतिक तथा शैक्षिक विकासका लागि वडास्तरीय बजेट विनियोजन गर्न पनि सम्बन्धित निकायसँग आग्रह गरिएको छ। आगामी शैक्षिक सत्रदेखि नै सबै सरोकारवालाको ध्यान खेलकुद प्रवर्द्धनतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिइएको छ।

# विदेशबाट फर्केकै दिन आक्रमण, हात-खुट्टा काटिए

**सुधा देव**

सप्तरी, ४ फाल्गुन। सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-३ सकरपुराका ३५ वर्षीय देवचन्द्र मुखिया वैदेशिक रोजगारीबाट फर्केकै दिन लुटपाट तथा ज्यान मार्ने प्रयासमा गम्भीर घाइते भएपछि दाहिने हात र खुट्टा काट्नुपरेको छ। वैदेशिक रोजगारीका लागि साउदी अरबमा कार्यरत मुखिया ७० दिनको बिदामा माघ १२ गते नेपाल फर्कनुभएको थियो। सोही दिन घर जाने क्रममा योजनाबद्ध रूपमा भएको आक्रमणका कारण उहाँको दाहिने हात र खुट्टा गम्भीर रूपमा क्षतिग्रस्त भएपछि चिकित्सकले काट्न बाध्य भएको बताउनुभयो।

"विदेशबाट कमाएर सुरक्षित रूपमा देश फर्किएँ, तर आफ्नै देशमा लोभी र अपराधीहरूले परिवारको एक्लो कमाउने व्यक्तिलाई जिउँदो लासजस्तै बनाइदिए," उहाँले पीडा सुनाउँदै भन्नुभयो। गत माघ १२ गते बिहान ८:३० बजे काठमाडौँ आइपुग्नुभएका मुखिया बिहान १० बजे घर फर्कन हायस गाडी चढ्नुभएको थियो। लहानमा झारेर अर्को सवारी मिलाइदिने भन्दै चालक पक्षले उहाँलाई राति लहानस्थित आँखा अस्पताल नजिक झारिदिएको उहाँको भनाइ छ।



त्यहाँबाट एक व्यक्ति र वृद्ध महिलासँग टेम्पोमा राजविराजतर्फ जाँदै गर्दा चालकले सिरहाको भगवानपुर-महेश्वरी क्षेत्रमा धक्का दिई लडाएपछि टेम्पोको चक्का दाहिने हात र खुट्टामाथि चलाएको उहाँले बताउनुभयो। करिब १५-२० मिनेटपछि होस आएपछि आफू गम्भीर अवस्थामा रहेको र घटनास्थलमा कोही पनि नभएको उहाँले स्मरण गर्नुभयो। प्रहरीले उद्धार गरी उपचारका लागि अस्पताल पुर्‍याएपछि थप उपचारका लागि विराटनगरस्थित अस्पतालमा भर्ना गरिएको थियो। चिकित्सकको प्रयास असफल भएपछि घटनाको तेस्रो दिन उहाँको हात र खुट्टा काट्नुपरेको थियो। हालसम्म उपचारमा करिब आठ लाख रुपियाँ खर्च भइसकेको उहाँले बताउनुभयो।

घटनापछि सिरहा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइएको र घटनामा संलग्न एक वृद्ध महिला पक्राउ परेकामा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। यस घटनाले वैदेशिक रोजगारीमा जाने तथा फर्किने श्रमिकहरूको सुरक्षाप्रति गम्भीर प्रश्न उठाएको भन्दै सम्बन्धित निकायले निष्पक्ष छानबिन गरी दोषीलाई कडा कारबाही गर्नुपर्ने स्थानीय जनप्रतिनिधिहरूले माग गरेका छन्। मुखिया विगत ६ वर्ष मलेसिया र पछिल्ला चार वर्षदेखि साउदी अरबमा काम गर्दै परिवारको जीविकोपार्जन गर्दै आउनुभएको थियो।

# सिराहामा ३० बिघा उखुखेतीमा आगलागी, एक करोडभन्दा बढीको क्षति

**मणिलाल विश्वकर्मा**



लहान, ४ फाल्गुन। सिराहाको लहान नगरपालिका- १३, घलेटोलमा काट्न तयार रहेको उखुमा सोमबार दिउँसो आगलागी हुँदा करिब ३० बिघा क्षेत्रफलको उखु जलेर नष्ट भएको छ। आगलागीमा स्थानीय २५ जना किसानले करिब ३० बिघा क्षेत्रफलमा लगाएको उखु जलेर नष्ट हुँदा एक करोड १६ लाख रुपैयाँबराबरको क्षति भएको प्रहरीले जनाएको छ। उखु खेतको मध्यभागबाट सोमबार दिउँसो सल्किएको आगोले काट्न तयार भएको उखु जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक कैलाश राईले जानकारी दिए।

उनका अनुसार दिउँसो १ बजेतिर उखु खेतमा आगो लागेको जानकारी पाएलगत्तै प्रहरी घटनास्थल पुगेर स्थानीय बासिन्दाको सहयोगमा मानवबस्तीमा जानबाट रोकिएको थियो। आगो निभाउन लहान नगरपालिकाबाट गएको बारुणयन्त्रको पानी फाल्ने मोटर बिग्रिएपछि गोलबजार नगरपालिकाबाट आएको बारुणयन्त्रले करिब ४ बजेतिर आगो पूर्ण रूपमा नियन्त्रणमा लिएको उनले बताए। उनका अनुसार आगलागीको विषयमा अनुसन्धान थालिएको छ। उखुबारीको मध्यभागबाट आगो सल्किएकाले उखुबारीभित्र पसेर चुरेट, बिँडी पिएपछि ठुटो फालेर हिँडेको वा नियतवश आगो लगाएको हुन सक्ने आशंका गरिएको छ।

उखु रोप्न र रोपिसकेपछि पनि मलखाद, सिँचाइको अभाव झेल्दै दुःख गरेर हुर्काएको उखु काटेर बेच्ने वेलामा आगलागीको चपेटामा परेपछि ठुलो मर्का परेको पीडित किसान विष्णु यादवले बताए। 'उखु बेचेर घरायसी व्यवहारमा लागेको ऋण तिर्ने योजना थियो,' उनले भने, 'लागतसमेत डुब्यो। आगो जसले लगाएको भए पनि किसानमारा अपराध गरेकाले पत्ता लगाएर हदैसम्मको कारबाही हुनुपर्ने अर्का पीडित रामलखन मण्डलले बताए। उखु रोप्नुअघि र रोपेपछि आवश्यकताअनुसार मलखाद, सिँचाइ हुँदा औसतमा प्रतिकट्टा ३० देखि ३५ क्विन्टल उब्जनी हुने उखु चिनी उद्योगलाई बेच्दा प्रतिक्विन्टल ६२० रुपैयाँ र सरकारी अनुदान ७० रुपैयाँ गरी ६९० रुपैयाँ आम्दानी हुने किसान रामदयाल मण्डलले बताए। उनका अनुसार ३० बिघा क्षेत्रफलको उखुको औसत हिसाब निकाल्दा पनि १८ हजार क्विन्टलको एक करोड २४ लाख २० हजार रुपैयाँबराबरको क्षति भएको छ।

# भ्रामक सूचनाको पछि नलागी एचपीभी खोप लगाउन आग्रह

काठमाडौं, ४ फाल्गुन। सरकारले किशोरीहरुलाई भ्रामक सूचनाको पछि नलागी पाठेघरको मुखको क्यान्सर विरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपीभी) खोप लगाउन आग्रह गरेको छ। राष्ट्रिय खोप सल्लाहकार समितिका अध्यक्ष प्रा डा रमेशकान्त अधिकारीले भ्रामक सूचनाको पछि नलागि किशोरीहरुलाई खोप लगाउन आग्रह गर्नुभएको हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गएको माघ २५ गतदेखि यही फागुन १५ गतेसम्म देशभरिका कक्षा ६ मा पढ्ने र विद्यालय बाहिर रहेका १० वर्ष उमेर समूहका किशोरीलाई खोप लगाउने अभियान शुरू गरेको छ ।

अभियानअन्तर्गत सरकारले ३ लाख ५० हजार बालिकालाई पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपीभी खोप लगाउने छ।

# चरित्रमा प्रश्न उठाउँदै श्रीमतीको हत्या गरी फरार

रौतहट, ४ फाल्गुन। रौतहटको पश्चिमी भेगस्थित फतुवा विजयपुर नगरपालिका-६ पेटभरवाका ४५ वर्षीय महन्थ राय यादवले आफ्नै ३५ वर्षीय श्रीमती आरती देवी यादवको हत्या गरेका छन्। धारिलो हतियार प्रहार गरी श्रीमतीको हत्या गरेपछि यादव फरार भएका छन्। फतुवा विजयपुर नगरपालिका-६ का अध्यक्ष रामएकवाल यादवका अनुसार महन्थ र आरतीबिच केही वर्षदेखि राम्रो सम्बन्ध थिएन। महन्थ गाउँ नजिकैको चोकमा सानो होटल सञ्चालन गर्दै आएका थिए भने उनकी श्रीमती आरती करिब तीन वर्षदेखि उद्योगमा काम गर्ने भन्दै घर छाडेर वीरगञ्ज, जीतपुर, सिमरा र चन्द्रपुरलगायत स्थानमा बस्दै आएकी थिइन्।

पाँच दिनअघि मात्र उनी श्रीमानको घर फर्किएकी थिइन्। दम्पतीबिचको विवादकै कारण उनका दुई छोरा गरुडा नगरपालिकास्थित मामाघरमा बस्दै आएका छन्। शनिबार राति सँगै खाना खाएर सुतेका दम्पती आइतबार बिहान ११ बजेसम्म बाहिर ननिस्किएपछि स्थानीयवासीलाई शंका लागेको थियो। वडा अध्यक्ष यादवका अनुसार स्थानीयले खबर गरेपछि उनले इलाका प्रहरी कार्यालय सन्तपुर, दोस्तियालाई यसबारे जानकारी गराएका थिए। प्रहरी टोलीले स्थानीय र जनप्रतिनिधिको रोहवरमा घरको ढोका खोल्दा आरती देवी यादव मृत अवस्थामा फेला परेकी थिइन्। उनको टाउको र घाँटीमा धारिलो हतियार प्रहार गरिएको देखिएको थियो। घटनास्थलबाट सानो बन्चरो र मासु काट्ने दाउ बरामद भएको प्रहरीले जनाएको छ।

घटनापछि महन्थ फरार छन्। वडा अध्यक्ष यादवले प्रहरीको रोहवरमा आरोपितको मोबाइलमा सम्पर्क गर्दा उनले आरतीलाई 'चरित्रहीन' भएको आरोप लगाउँदै हत्या गरेको स्वीकार गरेका छन्। उनले सोमबार प्रहरी समक्ष आत्मसमर्पण गर्ने जानकारी दिएको अध्यक्ष यादवले बताए।

रौतहट प्रहरी प्रमुख एसपी सिताराम रिजालले दम्पतीबिच लामो समयदेखि विवाद रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको बताए। उनले अनुसन्धान पूरा नभएसम्म घटनाको कारणबारे ठोस निष्कर्षमा पुग्न नसकिने स्पष्ट पारे। मृतकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा राखिएको तथा घटनाबारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)